# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज १० गते २०३४ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

खाद्य पदार्थको परिभाषा तथा गुणस्तर

खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित खाद्य पदार्थको गुणस्तर वा मात्रा निम्न लेखिएबमोजिम कायम गरेकोले यो सूचना प्रकाशित भएको मितिले ६ महीनापछि देखि खाद्य ऐन लागू भएको क्षेत्रमा लागू हुने गरी यो आदेश जारी गरिएको छ ।

०४.०० मरमसला पदार्थ

०४.०१.०१ अलैंची कोसा भन्नाले सुकेको पाक्न लागेको आमोमम सबुलाटम रब्स (Ammomum sabulatum roxb) जातको क्याप्सुलको रूपमा रहेको फललाई सम्झनुपर्दछ। यसमा पुष्पकोषका टुक्राहरू, डाँठका टुक्राहरू अरू बाहिरी पदार्थ (Extraneous matter) तौलको हिसाबले ५ प्रतिशत भन्दा बढी हुनु हुँदैन। अलैंचीको क्याप्सुलबाट पाइने बीउहरूमा उड्ने तेल (volatile oil) एक प्रतिशत (१.० आयतन तौल) भन्दा कम हुनु हुँदैन ।

०४.०१.०२ अलैंचीको बीउ भन्नाले आमोमम सबुलाटम रब्स जातको अलैंचीको क्याप्सुलबाट छुट्टाइएको बीउलाई सम्झनुपर्दछ। बीउमा बाहिरी पदार्थको प्रतिशतमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तौलको हिसावले २ मा नबढेको हुनुपर्दछ ।

बीउमा उड्ने तेल ( volatile oil ) . . . . . . . एक प्रतिशत १.० (आयतन तौल) भन्दा कम हुनु हुँदैन ।

०४ ०१.०३ अलैंचीको धुलो भन्नाले अमोमम सबुलाटम रक्सजातबाट छुट्टाएको अलैंचीको क्याप्सुलबाट बनाएको बीउको धुलोलाई सम्झनुपर्दछ । यस्तो धुलो सानो टुक्राहरूको रूपमा अथवा पिसिएको मसिनो धुलोको रूपमा हुन सक्नेछ र निम्न गुणस्तर परिधि अनुरूपको हुनुपर्दछ ।

| | |
|---|---|
| जलाम्स ( moisture ) . . . | तौलको हिसावले १४.० प्रतिशतमा नबढेको हुनु पर्दछ । |
| कुलभस्म ( total ash ) . . . | तौलको हिसावले ८.० प्रतिशतमा नबढेको हुनु पर्दछ । |
| उड्ने तेल (volatile oil) . . . | तौलको हिसावले १.० प्रतिशतमा नघटेको हुनुपर्दछ । |
| डाइल्यूट हाइड्रोक्लोरिक एसिडमा नघुल्ने भष्म (Ash insoluble in dil. Hcl) . . . | तौलको हिसावले १.३ प्रतिशतमा नबढेको हुनु- पर्दछ । |

०४.०२.०१ सुठो भन्नाले आकारमा एकरूपता नभएको, बोक्रा संपूर्ण रूपमा निकालिएको वा ननिकालिएको, पखालिएको र सुकाएको जिन्जिवर अफिसिनेल रोज ( Zingiber officinable rose) को राइजोम (rhizeme) लाई सम्झनुपर्दछ । यसमा तौलको हिसावले बाहिरी पदार्थ (Extraneous matter) २ प्रतिशतभन्दा बढी हुनु हुंदैन र सुकेको आधारमा यसमा उड्ने तेल (volatile oil) १ प्रतिशत (आयातन । तौल) भन्दा कम हुनु हुँदैन । यदि सुठोमा चून लगाएको भए तौलको हिसावले सुकेको आधारमा चुन (Calcium oxide) ४ प्रतिशतभन्दा बढी हुनु हुँदैन ।

०४.०२.०२ सुठोको धुलो भन्नाले सम्पूर्ण अदुवालाई पिसिएर राखेकोलाई सम्झनुपर्दछ । यसको धुलो निम्न परिधिस्तर अनुरूप हुनुपर्दछ ।

| | |
|---|---|
| जलाम्स (moisture). . . . | तौलको हिसावले १३.० प्रतिशतभन्दा बढी हुनु हुँदैन । |
| कुलभष्म (total ash). . . . | तौलको हिसावले ३.० प्रतिशतभन्दा बढी हुनु हुँदैन । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डाइल्यूट हाइड्रोक्लोरिक
एसिडमा नघुल्ने भष्म
(Ash insoluble
in dilute oil) . . . . . . तौलको हिसावले १० प्रतिशतभन्दा बढी हुनु हुँदैन ।

पानीमा घुल्ने भष्म
(Water soluble
ash) . . . . . . . . तौलको हिसावले १.७ प्रतिशतभन्दा कम हुनु हुँदैन ।

चिसो पानीमा घुल्ने एक्स्ट्राक्ट
(Cold water
soluble) . . . . . . तौलको हिसावले १०.० प्रतिशतभन्दा बढी कम हुनु हुँदैन ।

अल्कोहल (९० प्रतिशत आयतन ।
आयतन) सोल्युवल एक्सट्राक्ट
(Alcohal 90% v/v
soluble extract) . . . . . तौलको हिसावले ४.५ प्रतिशतभन्दा कम हुनु हुँदैन ।

उड्ने तेल (Volatile oil) . . . (आयतन । तौल) १.० प्रतिशतमा नघटेको हुनुपर्दछ ।

आज्ञाले–
लवबहादुर प्रधान
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।